# स्थानीय राजपत्र

# भाग १ खण्ड २ संख्या २

## बागलुङ नगरपालिकाद्वारा प्रकाशित

## विनियोजन ऐन - २०७५

अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड २, संख्या २, मिति १ श्रावण २०७५

भाग १

बागलुङ नगरपालिका

## “वागलुङ नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन २०७५”

## प्रस्तावना

वागलुङ नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम वागलुङ नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** ( १ यस ऐनको नाम " वागलुङ नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

**(२)** यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** :

(१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,०३,९५,५२,५९७- (अक्षेरुपी एक अरव तिन करोड पञ्चानव्वे लाख वाउन्न हजार पाँचसय सन्तानव्वे मात्र.) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त वागलुङ नगरपालिका नगर

कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकवाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षक बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकमा जम्मा स्वीकृत रकमको ण्१० प्रतिशत भन्दा नवढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्ने छ ।

# अनुसूचि-१
## (दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

| सि. नं | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुंजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | १०,१९,००,०००।- | ४४,००५२,५९७।- | | ५४,१९,५२५९७।- |
| २ | | वडा समितिको कार्यालय | ७०,००,०००।- | ० | ० | ७०,००,०००।- |
| ३ | | विषयगत शाखा | ३३,७६,००,०००।- | ० | ० | ३३,७६,००,०००।- |
| ४ | | ऋृणको साँवा व्याज | ३०,००,०००।- | ० | ३०,००,०००।- | ३०,००,०००।- |
| ५ | | न.पा.सामाजिक सुरक्षा भत्ता वितरण | १५००००००००।- | ० | ० | १५००००००००।- |
| | | जम्मा | ५९,९५,००,०००।- | ४४,००५२,५९७।- | ३,००,००००।- | १,०३,९५,५२,५९७।- |

प्रमाणिकरण

जनकराज पौडेल

नगर प्रमुख

प्रमाणिकरण मिति :- २०७५ साल श्रावण १ गते मंगलवार

आज्ञाले

भीम बहादुर कुँवर

प्रमुख प्रशासकीय अधिकृत